# स्वेत पत्र

Biratnagar Metropolitan City
Office of the Municipal Executive
Secondary Towns Integrated Urban Environmental Improvement Project,
Project Implementation Unit
Biratnagar-7, Morang
1 No. Province, Nepal

## मझौला शहरको एकिकृत शहरी वातावरणिय सुधार परियोजना (STIUEIP)

## र

## क्षेत्रिय शहरी विकास परियोजना (RUDP)

ई. भरत कुमार न्यौपाने
परियोजना ब्यवस्थापक
परियोजना कार्यान्वयन इकाई
विराटनगर महानगरपालिका
२०७८।०५।२०

Biratnagar Metropolitan City
Office of the Municipal Executive
Integrated Urban Environmental Improvement Project
Project Implementation Unit
Biratnagar-7, Morang
1 No. Province, Nepal

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
एकीकृत शहरी विकास परियोजना
परियोजना कार्यान्वयन इकाई
विराटनगर-७, मोरङ
१ नं. प्रदेश, नेपाल

# परियोजनाको स्वेत पत्र

## मझौला शहरको एकिकृत शहरी वातावरणिय सुधार परियोजना (STIUEIP) तर्फ:

- राजनैतिक राजधानीको रुपमा सुपरिचित ऐतिहासिक औधोगिक नगरि विराटनगर भौतिक विकासका हिसावले पछि परेको अवस्थालाई मध्ये नजर गर्दै विराटनगरको अथक प्रयास र नेपाल सरकारको अनुरोधमा विराटनगर, विरगंज, बुटवल र काभ्रे भ्याली समेटेर सन २००८ मा यो परियोजनाको परिकल्पना भयो ।
- परियोजनालाई मूर्त रुप दिन एशियाली विकास बैंकवाट Project Preparatory Technical Assistance (PPTA) को लागि नियूक्त परामर्शदाता PADECO, Japan in association with mgpl, Kathmandu ले स्थानीय सरोकारवालाहरु, नगरपालिका, टोल संगठन, राजनैतिक दलका प्रतिनिधि, उद्योगी व्यवसायी संग व्यापक छलफल गरि विराटनगरको मुख्य समस्याको रुपमा रहेको डुवान र वर्षादको पानी निकासीकालागि नाला, मुख्य वजार क्षेत्रमा ढल, फोहोर पानी प्रशोधन केन्द्र, सडक सुधारको परियोजना Scope प्रस्ताव गरि योजनाको खाका, लागत, लागत साझेदारी र परियोजना कार्यान्वयन संचालन प्रक्रिया/तालिका समेतको Report November 2009 मा पेश गरेको ।
- सो PPTA Report को आधारमा सन् २०१० मा नेपाल सरकार र एशियाली विकास बैंक, नेपाल सरकार, नगरपालिका र नगर विकास कोषका विच दुई पक्षिय र बहुपक्षिय सम्झौता भई योजना कार्यान्वयनको सुनिश्चितता भएको ।
- परियोजनाको संरचना दातृनिकायको रुपमा एशियाली विकास बैंक, नेपाल सरकार शहरी विकास मन्त्रालय भवन निर्माण विभाग अन्तर्गत आयोजना समन्वय कार्यालय (PCO) र परियोजना कार्यान्वयन तर्फ विराटनगर उपमहानगरपालिका परियोजना कार्यान्वयन ईकाइ (PIU) रहेको ।
- परियोजनाको लागत साझेदारी तर्फ परियोजनाकालागि आवश्यक जग्गा प्राप्तीकालागि नेपाल सरकार ९०% र नगरपालिका १०%; प्रशासनिक खर्च तर्फ नेपाल सरकार/एडिवि ७०% अनुदान र नगरपालिका ३०% , परामर्शदाता तर्फ १००% एडिवि र निर्माण कार्य तर्फ ८१% अनुदान नेपाल सरकार/एडिवि, नगरपालिका म्याचिङ्ग ८% र नगरपालिकाको ऋण ११% नगर विकास कोष (TDF) मार्फत रहेको । ऋणको हकमा ५% ब्याजदरको सहुलियतपूर्ण ऋण निर्माण अवधि पश्चातको २० वर्षे समय अवधिमा तिर्नुपर्ने रहेको ।
- नगरपालिका योजना कार्यान्वयनमा सहजिकरण र क्षमता विकास होस् भनेर एडिवि मार्फत अनुदानमा Capacity Development Technical Assistance (CDTA) समेत सन् २०११/१२ को अवधिमा प्राप्त भएको ।
- PPTA Report वमोजिम विराटनगर १४ जतुवामा १३ विगाहा १० कठ्ठा र विराटनगर १७ छाला फ्याक्ट्रीमा १ विगाहा १० कठ्ठा जग्गा प्राप्त गरेको । उक्त जग्गाको निर्धारित मुआब्जा रकम रु.९,११,५३,०००।०० भुक्तानी भएको ।
- दातृ निकाय एडिवि को मापदण्ड वमोजिम परियोजना निर्माण कार्यको Detailed Design & Supervision (DSC) गर्न अन्तराष्ट्रिय परामर्शदाता SMEC Austrialia and Associates छनौट भै 22 December 2011 मा सम्झौता भएको ।

Biratnagar Metropolitan City
Office of the Municipal Executive
Secondary Towns Integrated Urban Environmental Improvement Project.
Project Implementation Unit
Biratnagar-7, Morang
1 No Province, Nepal

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शहरी विकास परियोजना
परियोजना कार्यान्वयन इकाई
विराटनगर-७, मोरङ
१ नं. प्रदेश, नेपाल

- DSC ले Detail Design र Estimate गर्दा PPTA मा भएको Scope अनुसारको निर्माण कार्य गर्न गराउन करिव ७ अर्व लाग्ने Draft Final Report बुझाए पछि तत्काल उपलब्ध हुने वजेट २ अर्व २५ करोडमा एडिवि वाट १ अर्व भन्दा वढि रकम थप गरि रु.३,२७,८१,४०,०००।०० रकम लागतको मात्र परियोजना तयारि गर्न सकिएको ।
- DSC ले DPR तयार गर्दा निर्माणको गुणस्तर सुनिश्चित हुने गरि को Specification; Quality Assurance Plan, Environmental Safeguard, Social safeguard, Safety; project को Operation and Maintenance हुने गरि को Business Plan लगायतमा दातृ निकायको मापदण्ड वमोजिम गरेको । DPR को Review PCO र ADB मा समेत गरेर मात्र स्विकृत भएको ।
- निर्माण कार्यकोलागि एडिवि को मापदण्ड वमोजिम को BID Documents तयार गरि अन्तराष्ट्रिय स्तरको वोलपत्र मार्फत CTCE-Kalika JV, Kathmandu छनौट भई December2, 2013 मा 26 May, 2016 मा निर्माण कार्य सम्पन्न गर्ने गरि रु.२,३९,१३,३२,११७।०६ (भ्याट तथा प्रोभिजनल सम समेत) को सम्झौता भएको ।
- निर्माण कार्य गर्दै जांदा आवश्यकता र औचित्यको आधारमा प्राविधिक पुष्ट्याईं सहित DSC को सिफारिसको आधारमा PCO/ADB को सहमतिमा म्याद थप र भेरिएसन आदेश जारी हुने व्यवस्था रहेको ।
- सोही वमोजिम नगरपालिकाको स्वीकृत सडक मापदण्ड वमोजिम सडक विस्तार भएकाले सडक निर्माण परिमाणमा बृद्धि, सडक छेउ नयां नाला निर्माण, केहि थप ठूला नाला निर्माण, केही स्थानमा खानेपानी पाईपलाईन विस्तार, विद्युत पोल सार्ने, ढल प्रणाली संचालनकालागि थप मेसिन, उपकरण र सवारी साधनको व्यवस्था लागायतका मूख्य कारणले परियोजना सम्पन्न गर्न थप काम गर्नुपर्ने Site Condition ले ४ पटक Variation आदेश जारी भै संशोधित सम्झौता रकम रु.२,९५,६२,९०,५४२।७१ (भ्याट र प्रोभिजनल सम समेत) भएको ।
- भेरिएसन आदेश जारी भै निर्माण कार्यमा भएको बृद्धि, नगरपालिकावाट सडक मापदण्ड वमोजिम सडक खाली गराउन भएको ढिलाई, वन्द हडताल, २०७३ सालको बाढी, नेपाल विद्युत प्राधिकरणको Dedicated Feeder Line स्वीकृतिमा भएको ढिलाई लगायत मुनासिव कारणले परियोजनाको म्याद ६ पटक थप गरि 15 December,2018 मा सम्पन्न गरिएको ।
- सम्झौता वमोजिम सम्वन्धित निर्माण व्यवसायीले ढल प्रणाली परिक्षण पश्चात एक वर्षसम्म मर्मत संभार र फोहोरपानी प्रशोधन तथा ढल प्रणाली संचालन गरि 25 May, 2020 मा परियोजना सम्पुर्ण रुपमा हस्तान्तरण गरेको ।
- परियोजना निर्माण कार्यको जम्मा भुक्तानी र.३,१९,६२,७२,७९८।४८ (भ्याट, प्रोभिजनल सम र मुल्य समायोजन समेत) भएको ।
- महालेखा परिक्षकले निर्माण कार्यको भुक्तानीमा आ.व.२०७६।०७७ मा औंल्याएको बेरुजु रकम रु२९,२७,२९३।०० सम्वन्धित निर्माण व्यवसायीवाट असुल उपर गरिएको । अन्य वेरुजुको हकमा प्रयाप्त पुष्टयाईं र कागजात सहित वेरुजु फछ्र्यौट कालागि पत्राचार गरिएको ।
- परियोजनावाट सम्पन्न भएको मुख्य कार्यहरुमा ३६.६८ कि.मि. ठूला नाला निर्माण गरि शहरको मुख्य डुवान समस्या समाधान गरिएको । ३६.०५ किमि. सडक छेउको नाला निर्माण, ४३.२६ कि.मि. ढल प्रणाली जडान गरि १४३४ वटा मेनहोल, १७९५ वटा सिवर ईनलेट, १८४७ वटा हाउस कनेक्सन चेम्वर निर्माण गरिएको । मेनरोड पुष्पलालचौक देखि पानीटंकी खण्डको ३.३२ कि.मि. फुटपाथ सहित

Biratnagar Metropolitan City
Office of the Municipal Executive
Secondary Towns Integrated Urban Environmental Improvement Project
Project Implementation Unit
Biratnagar-7, Morang
1 No. Province, Nepal

४० एम एम एसफाल्ट कंक्रिट पिच नमूना सडक लगायत थप ४१.३६ कि.मि. सडक सुधार गरिएको । ६.५७५ कि.मि. नयां खानेपानी पाईपलाईन जडान गरिएको । वडा नं. १४ जतुवामा करिव १३ विगाहा १० कठ्ठा क्षेत्रफलको जग्गा खरिद गरि फोहोरपानी प्रशोधन केन्द्र निर्माण र संचालन गरिएको । ढल प्रणाली संचालनकोलागि आवस्यक सवारी साधन र उपकरण समेतको ब्यवस्था गरिएको ।

- अनेकौं चुनौतिका वावजुत पनि योजना कार्यान्वयनमा विराटनगरले गरेको प्रगतिका आधारमा PPTA ले औल्याएको Scope र परियोजनामा वजेटको अभावले छुट हुन गएको निर्माण कार्यलाई सम्पन्न गर्ने गरि परियोजना निर्माण गर्न Additional Financing को रुपमा DPR र आवश्यक Report तयार गर्न DSC लाई थप जिम्मेवारी प्रदान गरि फाईनल रिपोर्ट February 2017 मा प्राप्त भएको । क्षेत्रिय शहरी विकास परियोजना (RUDP) को रुपमा दोश्रो चरणकोलागि रु.३,००,३०,४७,८६७८४ लागत अनुमानको परियोजना कार्यान्वयनकालागि अगाडी वढेको ।
- परामर्शदाता (DSC) को सम्झौता 28 February 2019 सम्म रहेको र उक्त अवधिमा DSC तर्फ जम्मा भुक्तानी रु.१४,४१,५६,६९२।९८ भएको । त्यस अवधि पछि दोहोरो खर्च नहोस भनि क्षेत्रिय शहरी विकास परियोजना (RUDP) को परामर्शदाताले नै CTCE-Kalika JV को निर्माण कार्यको Supervision गरेको ।
- यस परियोजना अन्तर्गत नै शहरको मुख्य क्षेत्र वाहेक गरिव वस्तिहरुमा समेत परियोजनाको सकारात्मक प्रभाव होस् भनेर सामाजिक विकास कार्यक्रम Community Development Progrm (CDP) रहेको । उक्त कार्यक्रम अन्तर्गत मुख्य रुपमा परियोजनाको सूचना प्रवाह र सामाजिक परिचालन, स्वास्थ र सरसफाई शिक्षा, साना पूर्वाधार विकास, 3R Promotion, क्षमता अभिबृद्धि तालिम र लैङ्गिक समानता एवं सामाजिक सहभागिता लगायत कार्य गरिएको । उक्त कार्य गर्न गराउन दातृ निकाय एडिवि को मापदण्ड वमोजिम Fri-PAD नामक NGO छनौट भै 22 December 2011 मा सम्झौता भएको ।
- Fri- PAD ले 31 Dec 2016 सम्म सम्झौता वमोजिमको कार्य गरेको र उक्त अवधिमा Fri-PAD लाई रु.१,९७,४०,५०७।३८ भुक्तानी गरिएको । CDP कार्यक्रम तर्फको जम्मा खर्च रु.९,७३,१५,५८७।०७ भुक्तानी भएको ।
- CDP वाट सम्पन्न भएको मुख्य कार्यको रुपमा गरिव वस्तिहरुमा ९.५ कि.मि. ग्राभेल सडक, १७.३४ कि.मि. नाला, ५२४ वटा पारिवारिक शौचालय, १० वटा टयूव वेल, ७७ वटा टयूव वेलको चौताल, लैङ्गिक र अपाङ्गमैत्री ६ वटा सार्वजनिक शौचालय निर्माण, एउटा मोवाईल टवाईलेट खरिद, र वडा नं. १५ हडतालि हाटमा रहेको पूरानो शौचालय को वरिपरिको वातावरण सुधार हुन् । २६२ जनालाई CTEVT वाट मान्यता प्राप्त क्षमता अभिबृद्धि तालिम समेत प्रदान गरिएको । टोल संगठन, महिला, दलित समेटेर सचेतनामूलक तालिम र सूचना प्रवाह भएको ।
- नाला सफाईमा सहजता होस भनेर रु.३३,९०,०००।०० को Ditch cleaning Machine खरिद गरेर नगरपालिकालाई हस्तान्तरण गरेको ।
- परियोजनाकोलागि प्रशासनिक खर्च रु.६,३९,२१,११२।९२ भएको ।

## क्षेत्रिय शहरी विकास परियोजना (RUDP) तर्फः

- परियोजनाको संरचनागत ढांचा साविकको STIUEIP जस्तै रहेको र परियोजनाको लागत साझेदारीमा प्रशासनिक खर्च तर्फ नेपाल सरकार/एडिवि ७०% अनुदान र नगरपालिका ३०%, परामर्शदाता तर्फ १००% एडिवि र निर्माण कार्य तर्फ ९३.८% अनुदान नेपाल सरकार/एडिवि, महानगरपालिका म्याचिङ्ग ६.२% रहेको । महानगरपालिलाई ऋण नरहेको ।
- दार्त निकाय एडिविको मापदण्ड वमोजिम परियोजनाको निर्माण कार्यको Design and Supervision - DSC) गर्न Building Design Authority, (P) Ltd., in JV with B.N. Consultancy Pvt. Ltd, and Plus Engineers and Architects (P) Ltd, Nepal छनौट भै 28 August 2017 मा सम्झौता भएको र DSC ले 6 September, 2017 देखि कार्य आरम्भ गरेको ।
- निर्माण कार्यकोलागि एडिविको मापदण्ड वमोजिम Bid Documents तयार गरि अन्तराष्ट्रिय स्तरको वोलपत्र मार्फत ZHONGHENG Construction Group International Engineering Co. Ltd., Beijing, China छनौट भै 10 October, 2017 मा 1 November, 2019 मा निर्माण कार्य सम्पन्न गर्ने गरि रु.२,६१,१०,८८,३९०।६० (भ्याट र प्रोभिजनल सम समेत) सम्झौता भएको । सम्वन्धित निर्माण व्यवसायीको आर्थिक प्रस्ताव लागत अनुमान भन्दा २१.५ प्रतिशतले वढि भए पनि नगर प्रमूखज्यूवाट गठन भएको Contract Negotiation Team (प्रमूख प्रशासकिय अधिकृतज्यू संयोजक, परियोजना व्यवस्थापक र परियोजिना उप व्यवस्थापक सदस्य) ले ५५ करोड घटाएर लागत अनुमान भन्दा कममा मात्र सम्झौता गरिएको अनुपम नमुना कार्य ।
- निर्माण कार्य गर्दै जांदा आवश्यकता र औचित्यको आधारमा प्राविधिक पुष्ट्याईं सहित DSC को सिफारिसको आधारमा PCO/ADB को सहमतिमा म्याद थप र भेरिएसन आदेश जारी हुने व्यवस्था रहेको ।
- सोही वमोजिम केही स्थानको सडक छेउको नाला निर्माण, केहि स्थानमा नयां खानेपानी पाईप लाईन विस्तार (१०० प्रतिशत नगरपालिकाको खर्च), नगरको महत्वपुर्ण सडकहरु केशलिया, वरगाछी, रंगेली रोड, धर्मभक्त मार्ग, घोघाहा मार्ग थप निर्माण, थप विद्युत पोल सार्ने लगायतका मूख्य कारणले परियोजना सम्पन्न गर्न थप काम गर्नुपर्ने Site Condition ले ३ पटक Variation आदेश जारी भै संशोधित सम्झौता रकम रु.३,०५,८४,८८,१९५।४३ (भ्याट र प्रोभिजनल सम नयां खानेपानी पाईप लाईन विस्तार तर्फ महानगरको १००% व्यहोर्ने रु.३,९९,९९,९६६।९४ समेत) भएको ।
- भेरिएसन आदेश जारी भै निर्माण कार्यमा भएको बृद्धि, कोभिड १९ को कारणले निर्माण कार्यमा पुऱ्याएको बाधा लगायत मुनासिव कारणले परियोजनाको म्याद ४ पटक थप गरि 11 February,2021 मा सम्पन्न गरिएको ।
- परियोजनाको २०७८ आषाढ मसान्त सम्मको भुक्तानी निर्माण कार्य तर्फ र३,३९,७४,३५,०३६।२६ (भ्याट, प्रोभिजनल सम र मूल्य समायोजन समेत), परामर्श तर्फ रु.११,१३,५८,१८४।७४ र प्रशासनिक तर्फ रु.४,१९,१६,८०२।६९ भएको ।
- परियोजनावाट हाल सम्पन्न भएको मुख्य कार्यहरुमा ५८५ मि. ठूला नाला र ४१.५० किमि. सडक छेउको नाला निर्माण, १८.५६ कि.मि. ढल प्रणाली जडान गरि ६०६ वटा मेनहोल, ६९१ वटा सिवर ईनलेट, २८७६ वटा हाउस कनेक्सन चेम्वर निर्माण गरिएको । ७६.९६ कि.मि. एसफाल्ट कंक्रिट

पिच निर्माण गरिएको । २९.८३ कि.मि. फुटपाथ निर्माण गरिएको नगरपालिकाले १००% खर्च ब्यहोर्ने गरि १७.७० कि.मि. नयां खानेपानी पाईपलाईन विस्तार गरिएको ।

- मूल्य समायोजन तर्फ वढी भुक्तानी भएको भनि आ.व. २०७५।०७६ को म.ले.प.वाट देखाएको बेरुजु रकम रु.१,१५,९२,२००।०० विलवाट भुक्तानी कट्टा गरि वेरुजु फछ्र्यौट गरिएको । अन्य वेरुजुको हकमा प्रयाप्त पुष्टयाईं र कागजात सहित वेरुजु फछ्र्यौट कालागि पत्राचार गरिएको ।
- 12 February, 2022 सम्म परियोजनाको निर्माण कार्यको Defect Notification Period (DNP) रहेको र यो अवधि सम्म Outstanding List मा रहेका साना तिना निर्माण कार्य र सवै Defect को मर्मत संभार गराईनेछ ।
- विश्व माहामारी को रुपमा रहेको कोभिड १९ को प्रभाववाट निर्माण कार्यमा केहि विलम्भ भए पनि जन निर्वाचित स्थानिय तहको नेतृत्वमा र स्थानीय सरोकारवालाको सहयोग सदभाव र खवरदारीमा योजनालाई सम्पन्नताको चरणमा लगि शहरको स्वरुप नै परिवर्तन भएको अवस्थामा पुऱ्याउनु खुसीको विषय रहेको र यो प्रगति परियोजना संचालन भएका अन्य स्थानीय तहहरु भन्दा वढि र संतोषजनक रहेको छ ।

## पारदर्शिता एवं गुनासो ब्यवस्थापन:

- सरोकारवालाको गुनासोलाई सम्वोधन गर्न गुनासो पुस्तिकाको ब्यवस्था, परियोजना ब्यवस्थापकको संयोजकत्वमा PIU मा Safe Guard Desk र नगर प्रमुखज्यूको अध्यक्षतामा Grievance Redress Committee रहेको र ब्यवस्थित रुपमा गुनासो सम्वोधन गरिएको ।
- परियोजना वारेको जानकारी माग भए वमोजिम सवैलाई उपलब्ध गराईएको हालसम्म कसैले सूचना नपाएको लिखित उजुरी नगरेको ।
- परियोजना संचालनको शुरु चरणमा नै परियोजना सम्वन्धि जानकारी दिन परियोजना संचालन हुने वडाका वडा अध्यक्ष, सदस्य, वडा सचिव, टोल संगठनका प्रतिनिधिलाई Orientation गरिएको ।
- स्थानीय पत्र पत्रिका, टेलिभिजन मा परियोजना सम्वन्धि सूचना र समाचार प्रशारण भएको ।
- महानगरपालिकाको वेभ साईट https://biratnagarmun.gov.np मा परियोजनाको प्रगति र गतिविधिका सवै जानकारी उपलब्ध गराएको ।
- निर्माण कार्यको गुणस्तर परामर्शदातावाट चेक जांच भै आवस्यक Test Certificate सहित भुक्तानी सिफारिस पछि मात्र भुक्तानी गर्ने ब्यवस्था रहेको ।
- अधिकार प्राप्त निकायवाट माग भएका सवै कागजात समयमा नै उपलब्ध गराएको र उजुरी किनारा लगाएको ।
- परियोजनाका क्रियाकलापहरु पारदर्शि रुपमा सम्पादन गरिएको ।

## आगामी कदम र अपेक्षा:

- STIUEIP परियोजना सम्पन्न भए पश्चात सम्वन्धित निर्माण ब्यवसायीले सम्झौता वमोजिम एक वर्ष फोहोर पानी प्रशोधन केन्द्र र ढल प्रणाली संचालन गरे पश्चात त्यहां कार्य गरिरहेका तालिम प्राप्त कर्मचारीहरु (अपरेटर, ड्राईभर आदी) लाई महानगरवाट नियुक्ति दिई महानगर स्वयमले २०७७ साल श्रावणदेखि सुचारु रुपले संचालन र मर्मत सम्हार गरिरहेको छ । चुनौतीका विच यसप्रकारको

संचालन कार्य नगरपालिका स्वयमले गरेकोमा दातृ निकायले समेत प्रोत्साहन गरि नगर विकासमा थप लगानी गर्ने वातावरण वनेको ।

- नेपाल सरकार/एशियाली विकास वैंकको सहयोगमा संचालित पहिलो र दोश्रो चरणको परियोजनाहरुको संचालन एवं कार्यान्वयनको सफलतावाट आर्जित पूर्वाधार निर्माणमा थप लगानीको वातावरण अनुरुप महानगरले फोहोरमैला प्रशोधन केन्द्रको निमित्त जग्गा व्यवस्थापन गरि फोहोर प्रशोधन केन्द्र निर्माण गर्न तेश्रो चरणको सहयोग सम्झौता गरि कार्यान्वयनमा जाने र यस चरणको परियोजनामा पुर्वाधार विकासको दृष्टिले पछाडी परेको नगरको पश्चिम दक्षिण क्षेत्रमा सडक नाला निर्माण र डुवानको समस्या समाधान सहितको परियोजना निर्माण र संचालन गरिने ।
- परियोजनावाट निर्मित सडक, नाला र फुटपाथको दिगोपनाकालागि नागरिकको प्रयाप्त सहयोगको अपेक्षा गर्दै सडक भारवहन क्षमता भन्दा वढिको ठुला सवारी साधनहरु सडकमा गुडाउने, सडक नाला पेटिमा निर्माण सामाग्री राख्ने, नाला र पेटीमा सवारी साधनहरु पार्किङ्ग गर्ने, ढल प्रणालीमा क्षती पुर्‍याउने, मेनहोल, सेवर ईनलेट, हाउस कनेक्सन च्याम्वरहरुको अवस्थितीमा प्रतीकुल असर पुर्‍याउने, सेवर ईनलेट, हाउस कनेक्सन च्याम्वर छोप्ने वा पुर्ने, अनुमति नलिई ढल जडान गर्ने जस्ता कार्यलाई दण्डित गर्न दण्ड, जरिवाना तथा क्षतिपुर्ती सहितका कडा कार्वाही गर्नुपर्ने र परियोजनाको दिगोपनाकोलागि सवैको सहयोग चाहिने ।
- निर्माण भएका सडक संरचनाको नियमित मर्मतकालागि महानगरवाट सडकवोर्डवाट प्राप्त सडक मर्मतको वजेट परिचालन गनुपर्ने ।

## परियोजनाको दिगोपनाकालागि चालिएका पहलहरु :

**१. ढल प्रणालि रहेको स्थानको स्वीकृत ढल सेवा शूल्क (मासिक)**

| **प्राकृतिक व्यक्ति, घर परिवारले प्रयोग गर्ने भवन** | | |
|---|---|---|
| क्र.सं. | विवरण | दर |
| १ | १००० स्वायर फिट भन्दा कम भवनको फ्लोर एरिया भए मासिक | १००।० |
| २ | १००० देखी १५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १५०।० |
| ३ | १५०० देखी २५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | २५०।०० |
| ४ | २५०० देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ५००।० |
| ५ | ४००० देखी माथिका स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | ७००।० |

**पूनश्चः उपरोक्त दररेटमा ५० प्रतिशत छूट उपलब्ध गराईएको**

| **संस्थागत तथा गैर सरकारी संस्थाहरुले प्रयोग गर्ने भवन** | | |
|---|---|---|
| क्र.सं. | विवरण | दर |
| १ | १००० स्वायर फिट भन्दा कम भवनको फ्लोर एरिया भए मासिक | ५००।० |
| २ | १००० देखी १५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ७००।० |
| ३ | १५०० देखी २५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १०००।० |
| ४ | २५०० देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १५००।० |
| ५ | ४००० देखी माथिका स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | २५००।० |

| **रेष्टुरेण्टहरुले प्रयोग गर्ने भवन** | | |
|---|---|---|
| क्र.सं. | विवरण | दर |
| १ | १००० स्वायर फिट भन्दा कम भवनको फ्लोर एरिया भए मासिक | ३००।० |
| २ | १००० देखी १५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ५००।० |
| ३ | १५०० देखी २५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ८००।० |

Biratnagar Metropolitan City
Office of the Municipal Executive
Secondary Towns Integrated Urban Environmental Improvement Project
Project Implementation Unit
Biratnagar-7, Morang
1 No. Province, Nepal

| | | |
|---|---|---|
| ४ | २५०० देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १२००।० |
| ५ | ४००० देखी माथिका स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | २०००।० |

**मिठाई पसलहरुले प्रयोग गर्ने भवन**

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | १००० स्वायर फिट भन्दा कम भवनको फ्लोर एरिया भए मासिक | ३००।० |
| २ | १००० देखी १५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ५००।० |
| ३ | १५०० देखी २५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ८००।० |
| ४ | २५०० देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १२००।० |
| ५ | ४००० देखी माथिका स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | २०००।० |

**होटल तथा लजहरुले प्रयोग गर्ने भवन**

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | १००० स्वायर फिट भन्दा कम भवनको फ्लोर एरिया भए मासिक | ६००।० |
| २ | १००१ देखी १५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १०००।० |
| ३ | १५०१ देखी २५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १६००।० |
| ४ | २५०१ देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | २४००।० |
| ५ | ४००१ देखी ६००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ४०००।० |
| ६ | ६००१ देखी ८००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ६०००।० |
| ७ | ८००१ देखी १०००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ८०००।० |
| ८ | १०००१ देखी १२००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १००००।० |
| ९ | १२००१ स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | १२०००।० |

**हस्पिटलहरुले प्रयोग गर्ने भवन**

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | १००० स्वायर फिट भन्दा कम भवनको फ्लोर एरिया भए मासिक | ६००।० |
| २ | १००१ देखी १५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १०००।० |
| ३ | १५०१ देखी २५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १६००।० |
| ४ | २५०१ देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | २४००।० |
| ५ | ४००१ देखी ६००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ४०००।० |
| ६ | ६००१ देखी ८००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ६०००।० |
| ७ | ८००१ देखी १०००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ८०००।० |
| ८ | १०००१ देखी १२००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १००००।० |
| ९ | १२००१ स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | १२०००।० |

**होस्टल तथा छात्रावासहरुले प्रयोग गर्ने भवन**

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | २५०० स्वायर फिट भवनको फ्लोर एरिया भन्दा कम भए मासिक | १५००।० |
| २ | १५०१ देखी २५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १६००।० |
| ३ | २५०१ देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | २४००।० |
| ४ | ४००१ देखी ६००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ४०००।० |
| ५ | ६००१ देखी ८००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ६०००।० |
| ६ | ८००१ देखी १०००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ८०००।० |
| ७ | १०००१ देखी १२००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १००००।० |
| ८ | १२००१ स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | १२०००।० |

**निजी विद्यालयहरुले प्रयोग गर्ने भवन**

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | २५०० स्वायर फिट भवनको फ्लोर एरिया भन्दा कम भए मासिक | १५००।० |

Biratnagar Metropolitan City
Office of the Municipal Executive
Secondary Towns Integrated Urban Environmental Improvement Project
Project Implementation Unit
Biratnagar-7, Morang
1 No. Province, Nepal

| | | |
|---|---|---|
| २ | २५०१ देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | २४००।० |
| ३ | ४००१ देखी ६००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ४०००।० |
| ४ | ६००१ देखी ८००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ६०००।० |
| ५ | ८००१ देखी १०००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ८०००।० |
| ६ | १०००१ देखी १२००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १००००।० |
| ७ | १२००१ स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | १२०००।० |

**मल तथा सूपर मार्केटहरुले प्रयोग गर्ने भवन**

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | २५०० स्वायर फिट भवनको फ्लोर एरिया भन्दा कम भए मासिक | १०००।० |
| २ | २५०१ देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | २४००।० |
| ३ | ४००१ देखी ६००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ४०००।० |
| ४ | ६००१ देखी ८००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ६०००।० |
| ५ | ८००१ देखी १०००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ८०००।० |
| ६ | १०००१ देखी १२००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १००००।० |
| ७ | १२००१ स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | १२०००।० |

**बैंक तथा वित्तीय संस्था, सहकारी संस्थाहरुले प्रयोग गर्ने भवन**

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | २५०० स्वायर फिट भवनको फ्लोर एरिया भन्दा कम भए मासिक | १०००।० |
| २ | २५०१ देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | २४००।० |
| ३ | ४००१ देखी ६००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ४०००।० |
| ४ | ६००१ देखी ८००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ६०००।० |
| ५ | ८००१ देखी १०००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ८०००।० |
| ६ | १०००१ देखी १२००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १००००।० |
| ७ | १२००१ स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | १२०००।० |

**उपरोक्त वाहेक संघसंस्थाहरुले प्रयोग गर्ने भवन**

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | १००० स्वायर फिट भन्दा कम भवनको फ्लोर एरिया भए मासिक | ३००।० |
| २ | १००० देखी १५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ५००।० |
| ३ | १५०० देखी २५०० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | ८००।० |
| ४ | २५०० देखी ४००० स्वायर फिट भवनको फ्लोर एरिया भए मासिक | १२००।० |
| ५ | ४००० देखी माथिका स्वायर फिट भवनको फ्लोर एरिया भन्दा माथिको भए मासिक | २०००।० |

**२) ढल प्रणालि नभएका स्थानहरुको De-sludging गर्ने सम्वन्धी :**

- ढल प्रणाली मा जोडन नसकिने घरहरुको सेफटी टैंक सफा गर्न सक्सन मेसिन (ठुलो ९००० लि.) वाट प्रति पटक रु ५०००।०० को दरले शूल्क लिईने छ।
- ढल प्रणाली मा जोडन नसकिने घरहरुको सेफटी टैंक सफा गर्न सक्सन मेसिन (सानो ४००० लि.) वाट प्रति पटक रु २५००।०० को दरले शूल्क लिईने छ।
- ढल प्रणाली मा जोडन नसकिने घरहरुको सेफटी टैंकसफा गर्न नीजि क्षेत्रले संकलन गरेको फोहोर अनिवार्य रुपमा फोहोर पानी प्रशोधन केन्द्रमा विसर्जन गर्नू पर्नेछ र सो वापत वाट प्रति पटक रु ५००।०० को दरले शूल्क लिईने छ।

**३) हाउस कनेक्सन जडानकालागि प्रोत्साहन:**

- कम्तिमा १५/१५ दिन पुन माईकिङ्ग गरिएको।
- ढल जडान शुल्क वापतको रकम रु३०००।०० छुट गरिएको।
- वडा समितिहरुवाट कर लिदा अनिवार्य रुपमा आर्थिक वर्ष २०७७/२०७८ वाट ढल सेवा शूल्क लिने गरिएको।
- ढल जडान कार्यका लागि सहजकर्ता परिचालन (महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई) गरिएको।

Biratnagar Metropolitan City
Office of the Municipal Executive
Secondary Towns Integrated Urban Environmental Improvement Project
Project Implementation Unit
Biratnagar-7, Morang
Nepal

➢ ढल प्रणालीमा पर्ने वडाका जनप्रतिनिधिज्यूहरुलाई आधा दिवसिय ढल जडानका विषयमा कार्यशाला गोष्ठि गरिएको ।

➢ ढल प्रणालिमा पर्ने वडाका सचिव, समुदाय परिचालिकाहरु र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आधा दिवसिय ढल जडान तथा शुल्क संकलनका विषयमा कार्यशाला गोष्ठि गरिएको ।

➢ ढल प्रणाली भएको तर प्राविधिक रुपमा घरमा ढल जडान गर्न नसकिएका ग्राहकहरुको शौचालयबाट समेत फोहरपानी तानेर फोहरपानी प्रशोधन केन्द्रमा विशर्जन गर्ने व्यवस्था मिलाएकाले आ.व. २०७७/२०७८ बाट ढल प्रणाली भएका सवैको स्वीकृत ढल शुल्क अनिवाई रुपमा अन्य कर संग जोडेर लिने व्यवस्था मिलाईएको ।

➢ RUDP बाट निर्मित ढल प्रणाली समेतको सफागर्ने (Testing and Commissioning) कार्यगरी फारम भराएर ढल जडान शुरु गरिएको ।

४) **परियोजना संचालन तथा दीर्घकालिन व्यवस्थापन गर्न आवश्यक कर्मचारी, सडक सफाईकर्मी, सडक सुन्दरिकरणका लागि :**

नव निर्मित सडक तथा फुटपाथ सफा राख्न,बोट विरुवाको संरक्षण गर्न तपशिल बमोजिम Length Worker महानगरपालिकाले परिचालन गराउनुपर्ने ।

| **क्र.सं.** | **वडा नं.** | **आवश्यक Length Worker (जनशक्ति)** |
|---|---|---|
| १ | १, २ र ३ | २ जना |
| २ | ४ र ५ | १ जना |
| ३ | ६ | १ जना |
| ४ | ७, ८ र ९ | ३ जना |
| ५ | १० | २जना |
| ६ | ११ र १२ | १ जना |
| ७ | १५ र १७ | १ जना |
| | **कुल** | **११ जना** |

**उपरोक्त सुझाव वमोजिम चालु आ.व.मा महानगरपालिकाले कार्यान्वयन गर्न वजेटको व्यवस्था गरेको ।**

५) **महानगरपालिकामा भएको सडक भौतिक संरचनाको Inventory Management तयार कार्य शुरु भएको ।**

६) **एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न जमिन खरिद गर्ने विषय :**

महानगरपालिकाले Solid Waste Management को लागी कम्तिमा १२ विगाहा जग्गा खरिद गरि Design को कार्य गराई DPR तयार गर्न DSC लाई लगाउने र ADB संग थप परियोजना माग गर्ने निर्णय वमोजिम जग्गा प्रप्ती प्रकृया शूरु गरिएको ।

७) **कर्मचारी व्यवस्थापन :**

➢ समग्र परियोजनाको व्यवस्थापन/संचालनका लागि आवश्यक कर्मचारी व्यवस्थापन ।

**क) परियोजना कार्यान्वयन ईकाई ।**

| | | |
|---|---|---|
| क १, परियोजना व्यवस्थापक | १ जना | कार्यरत रहेको |
| क २, परियोजना उप व्यवस्थापक | १ जना | कार्यरत रहेको |
| क ३, सिभिल, र ईलेक्ट्रिकल ईन्जिनियर | २ जना | कार्यरत रहेको |
| क ४, लेखा अधिकृत | १ जना | कार्यरत रहेको |
| क ५, सामाजिक विकास अधिकृत | १ जना | कार्यरत रहेको |
| क ६, प्रशासन सहायक | १ जना | कार्यरत रहेको |
| क ७, कार्यालय सहयोगी | २ जना | कार्यरत रहेको |

**ख) ढल प्रणाली तथा फोहरपानी प्रसोधन केन्द्र संचालन**

| | | |
|---|---|---|
| १. ब्यवस्थापन ईन्जिनियर | १ जना | (न.पामा कार्यरत जनशक्तीलाई थप जिम्मेवारी दिईएको) |
| २. ईन्भारोमेण्ट ईन्जिनियर | १ जना | (न.पामा कार्यरत जनशक्तीलाई थप जिम्मेवारी दिईएको) |
| ३. माईक्रो वायोजोजिष्ट (अधिकृत) | १ जना | (नयां नियुक्ति) |
| ४. प्रशासन सहायक | १ जना | (न.पामा कार्यरत जनशक्तीलाई थप जिम्मेवारी दिईएको) |
| ५. ईलेक्ट्रिसियन | २ जना | (कार्यरत कर्मचारीवाट व्यवस्थापन गरिएको) |
| ६. सम्पवेल जेनेटर अपरेटर | १ जना | (नया नियुक्ती गरिएको) |
| ७. जेसिभि अपरेटर | १ जना | (नया नियुक्ती गरिएको) |
| ८ जेटिंग अपरेटर | १ जना | (नया नियुक्ती गरिएको) |

| | | |
|---|---|---|
| ९. सक्सन अपरेटर | १ जना | (नया नियुक्ती गरिएको) |
| १०. टेम्पो ड्राईभर | १ जना | (नया नियुक्ती गरिएको) |
| ११. ट्रक/ट्रिपर/क्रेन अपरेटर | २ जना | (नया नियुक्ती गरिएको) |
| १२. ट्राक्टर ड्राईभर | १ जना | (नया नियुक्ती गरिएको) |
| १३. मेकानिक | १ जना | (नया नियुक्ती गरिएको) |
| १४. मिस्त्रि लेवर ईन्चार्ज | १ जना | (नया नियुक्ती गरिएको) |
| १५. सुरक्षा गार्ड | २ जना | (नया नियुक्ती गरिएको) |
| १६. दैनिक ज्यालादारी मजदुर | ५ जना | (परिचालन गरिएको) |

**ग) ढल प्रणाली जडान :**

आवस्यक सहजिकरण गरिएका)

**घ) निर्माणाधीन सडक, नाला तथा पेटीको संरक्षण ।**

| | | |
|---|---|---|
| १. सुपरभाईजर पहिलो तह | १ जना | (चालू आ.व.मा ब्यवस्थापन गरिने ) |
| २. लेन्थ वर्कर (निर्माण सम्पन्न क्षेत्रको संरक्षण) | ११ जना | (चालू आ.व.मा ब्यवस्थापन गरिने ) |

- CTCE KALIKA ले एक वर्ष O&M गर्दा कार्यरत तपसिलका कर्मचारीहरुलाई २०७७ श्रावण १ गतेदेखि नियुक्त गरि WWTP र Sewerage System संचालन र मर्मत संभार गरिरहेको:

तपसिल

१. ल्याव अफिसर: श्रवण साह

२. जेसिभि अपरेटर : प्रकाश दुलाल

३. सम्पवेल/जेनेटर अपरेटर : कृष्ण कुमार यादव

४. अपरेटर/क्रेन/सक्सन/ट्रिपर/सकर/मेकानिक : पप्पु यादव

५. अपरेटर/जेटिङ्ग/सक्सन : अजित कुमार सोनार

६. अपरेटर/क्रेन/सक्सन/ट्रिपर : सत्य नारायण धिमाल

७. जेटिङ्ग अपरेटर : मकेश्वर यादव

८. टेम्पो ड्राईभर : जालेश्वर यादव

९. मिस्त्री / लेवर ईन्चार्ज : महादेव सरदार

१०. अपरेटर/चालक : मुनाई यादव

११. सुरक्षा गार्ड : २ जना (बुद्धिराज पाण्डे र दुर्गा वहादुर काफ्ले) कार्यरत रहेकालाई नै निरन्तरता दिएको ।